# अनुसूची २

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# गलकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्ड- ८ संख्या- १० मिति: २०८१/१२/०७

## भाग २

## गलकोट नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी नियमावली, २०८१

# गलकोट नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी नियमावली, २०८१

**प्रस्तावनाः**
गलकोट नगर कार्यपालिकाको निर्णयलाई प्रभावकारी कार्यान्वयन गरी नगरपालिकाको काम कारबाहीलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिम स्थानीय तहलाई तोकेको काम कर्तब्य र अधिकार कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ को उपदफा (२) तथा गलकोट नगरपालिकाको प्रहरी ऐन २०८१ को दफा ४२ बमोजिम गलकोट नगर कार्यपालिकाको मिति २०८१/११/१३ को बैठकले नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी नियमावली, २०८१ स्वीकृत गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो नियमावलीको नाम "गलकोट नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी नियमावली, २०८१" रहेको छ।

ख) यो नियमावली नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) "ऐन" भन्नाले "गलकोट नगरपालिका नगर प्रहरी ऐन २०८१" सम्झनुपर्छ।

ख) "नगरपालिका" भन्नाले गलकोट नगरपालिका वागलुङलाई सम्झनु पर्दछ।

घ) "कार्यालय"भन्नाले गलकोट नगरपालिकाको प्रशासनिक केन्द्र रहेको कार्यालयलाई सम्झनु पर्दछ।

ङ) "प्रमुख" भन्नाले गलकोट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गलकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

छ) "पदपूर्ति समिति" भन्नाले गलकोट नगरपालिकाको "गलकोट नगरपालिका नगर प्रहरी ऐन २०८१" को दफा ६ को उपदफा (४) बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ।

ज) "नगर प्रहरी" भन्नाले गलकोट नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

झ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ञ) "नगर कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१६ को उपधारा (१), (२), (३) र (४) बमोजिम गठन भएको गलकोट नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ट) "तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकेको व्यवस्था सम्झनु पर्छ।

## परिच्छेद–२
## नगर प्रहरी सेवाको गठन, पदपूर्ति, योग्यता, सेवा सुविधा र कार्य विवरण

**३. नगर प्रहरी सेवाको गठन** (१) नगरपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ। जसमा देहाय बमोजिमका पदहरु सिर्जना गरी सेवा करारबाट पदपूर्ति गरिनेछ।

क) नगर प्रहरी सहायक निरीक्षक - १ जना

ख) नगर प्रहरी हवलदार - २ जना

ग) नगर प्रहरी जवान - ५ जना

(२) उपदफा (१) बमोजिमका पदहरुमा पदपूर्ति गर्न पदपूर्ति समितिले खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा उम्मेदवार छनौट गरी नियुक्तिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ।

(३) पदपूर्ति समितिले आफ्नो कार्य सम्पादनको क्रममा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) पदपूर्ति समितिबाट नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुलाई प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी सेवाको सम्बन्धित पदमा नियुक्ति दिनेछ।

(५) दफा (३) बमोजिमको दरबन्दीमा सबै वा केही पदपूर्ति गर्ने वा नगर्ने वा पदपूर्तिमा लैङ्गिक अनुपात मिलान गर्ने अधिकार ऐनको अधीनमा रही कार्यपालिकामा निहित रहने छ।

**४. नगर प्रहरी सेवाको पदमा सिफारिस गर्नको लागि पदपूर्ति समिति:**

(१) नगर प्रहरी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ:

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) ईलाका प्रहरी कार्यालयको प्रहरी निरीक्षक वा माथिल्लो श्रेणीको अधिकृत - प्रतिनिधि सदस्य

(ग) नगरपालिकाको प्रशासन शाखा प्रमुख – सदस्य

(२) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

(३) समितिका सदस्यले बैठक बस्दाको समयको नियमानुसार बैठक भत्ता तथा खाजा, खाना खर्च पाउनेछन्।

(४) समितिको काम कारबाहीलाई नगर कार्यपालिकाले अनुगमन गर्न सक्नेछ।

(५) समितिले आफ्नो काम कारबाहीलाई व्यवस्थित गर्न उम्मेदवार छनौटको समयमा नगर कार्यपालिकाका कर्मचारीको सहयोग लीन सक्नेछ यसरी खटिने कर्मचारीलाई निजले खाई पाई आएको एक महिनाको तबलको पच्चीस प्रतिशत रकम प्रोत्साहन स्वरूप उपलब्ध हुनेछ।

(६) पदपूर्तिको लागि काजमा खटिएका बढीमा पाँच जना प्रहरी कर्मचारीलाई प्रतिव्यक्ति प्रतिदिन रु. ५०० भत्ता उपलब्ध हुनेछ।

**५. नगर प्रहरी पदको लागि आवश्यक योग्यता:**

(१) नगर प्रहरी सेवा इकाइमा रहने पदहरुका लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ।

(क) नेपाली नागरिक,

(ख) छनौट परीक्षा शुरु हुने दिनसम्ममा नगर प्रहरी सहायक निरीक्षक र प्रहरी हवलदार पदको लागि २५ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको र प्रहरी जवान पदको लागि १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको, तर नेपाल सरकार वा विदेशी सरकारको जङ्गी सशस्त्र वा जनपदबाट अवकाश प्राप्त वा सुरक्षा निकायमा भर्ना भै आधारभूत तालिम प्राप्त व्यक्तिहरूको लागि नगर प्रहरी जवानको हकमा ४० वर्ष र सो भन्दा माथिको पदको हकमा ४५ वर्ष उमेर ननाघेका व्यक्तिले आवेदन गर्न पाउने छन्। गलकोट नगर प्रहरी सेवामा कार्यरत कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। एक पटक नगर प्रहरी सेवामा नियुक्त व्यक्ति ५० वर्ष उमेर ननाघे सम्म सेवामा रहने छन।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनैपनि राजनीतिक दलको सदस्य नरहेको,

(ङ) कुनै विध्वंसात्मक क्रियाकलापमा संलग्न नभएको,

(च) प्रहरी सहायक निरीक्षक पदको लागि एस.एल.सी/एस इ इ .वा सो सरह उत्तीर्ण, हवल्दार पदको लागि दश कक्षा वा सो सरह उत्तीर्ण र जवान पदको लागि कक्षा ८ (आठ) उतीर्ण गरेको।

(ज) उक्त ऐनको दफा ६ को उपदफा (१०) बमोजिमको पदपूर्ति समितिले निर्धारण गरे बमोजिमको शारिरिक तन्दुरुस्ती पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ इन्च र वजन घटीमा ५१ के. जी. र महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र तौल घटीमा ४५ के. जी. हुनुपर्नेछ।

(२) उम्मेदवार छनौट गर्दा नेपाल प्रहरी वा नेपाली सेनामा अनुभव भएका उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा नेपाल प्रहरी वा नेपाली सेनामा अनुभव भएका उम्मेदवार छनौट गर्नु पर्नेछ ।

(३) कम्तीमा पाँच वर्ष गलकोट नगरपालिकाको नगर प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीले माथिल्लो दर्जाको पदको विज्ञापनमा आवेदन दिएमा अन्तिम नतिजा प्रकाशन गर्नु भन्दा पहिले उसले प्राप्त गरेको कुल अंकमा पाँच प्रतिशत थप गरी योग्यताक्रम कायम गरिनेछ ।

**५. पदपूर्ति समितिको काम, कर्तब्य तथा अधिकार**

(१) पदपूर्ति समितिको काम, कर्तब्य र अधिकार सोही ऐनको दफा ९ को अतिरिक्त देहाय बमोजिम हुनेछ ।

(क) खुल्ला प्रतियोगिताको माध्यमबाट नगर प्रहरी अन्तरगतका पदहरुको छनौट परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने,

(ख) छनौट परीक्षाको कार्यतालिका बनाउने,

(ग) परीक्षाको तयारी गर्ने,

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) प्रकाशित विज्ञापन अनुसार दरखास्त दिने उम्मेदवारहरुको छनौट परीक्षा सञ्चालन गर्ने,

(च) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी नियुक्तिका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(छ) कुल रिक्त पदको बढीमा २० प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवारको सूची तयार गरी प्रकाशन गर्ने,

(२) नियुक्तिका लागि सिफारिश भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनु पर्नेछ ।

(३) नियुक्तिका लागि सिफारिस भएको कुनै उम्मेदवार सिफारिस भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति बुझ्न नआएमा सो पदको लागि मुख्य बैकल्पिक सूचीमा रहेको उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

(४) पदपूर्ति समितिले नगर प्रहरी सेवा इकाई अन्तरगतका पदहरुको छनौट परीक्षा सञ्चालन गर्दा आवश्यकता अनुसार प्रचलित कानून बमोजिम कार्यविधि/मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(५) पदपूर्ति समितिका पदाधिकारीहरुले पदपूर्ति सम्बन्धि कार्य सम्पादन गर्दा प्रचलित नियमानुसारको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन ।

**६. नगर प्रहरी कर्मचारीहरुको सुविधा**: (१) नगर प्रहरी सेवाको कर्मचारीको पारिश्रमिक अनुसूची १ बमोजिम हुनेछ।

(२) नगर प्रहरी कर्मचारीको लागि एक आर्थिक वर्षको एक सेट पोसाक तथा जुत्ता र जाडोको पोसाक वा सो बराबरको अनुसूची १ बमोजिमको पोसाक खर्च उपलब्ध हुनेछ । तर शुरु नियुक्ति हुने कर्मचारीको लागि एक पटकको लागि दुई सेट पोसाक उपलब्ध गराउन सक्नेछ । पहिलो वर्ष पोशाक वापतको रकम दिइने छैन ।

(३) रातको समयमा ड्यूटीमा खटिने प्रहरी कर्मचारीको लागि नगरपालिकाले आवास तथा खानाको व्यवस्था गर्नेछ ।

(४) नगर प्रहरी कर्मचारीको ५ लाख वारावरको दुर्घटना वीमा गरिनेछ यसको शत प्रतिशत प्रिमियम नगरपालिकाले व्यहोर्ने छ ।

**७. कार्यविवरण**: नगर प्रहरी कर्मचारीहरुको कार्यविवरण अनुसूची-२ बमोजिम हुनेछ ।

## परिच्छेद–३

## नगर प्रहरी सेवा इकाइको काम कर्तव्य र अधिकार

**८. नगर प्रहरी कर्मचारीका काम, कर्तव्य र अधिकार :** (१) ऐनको दफा ५ को अतिरिक्त नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सार्वजनिक आवागमनमा बाधा पुर्याई बाटोमा राखिएका, सार्वजनिक स्थान ओगटेर राखिएका निर्माण सामाग्री र पसल व्यवसायबाट भएका अवरोध हटाउन लगाउने, हटाउन नमानेमा आफै हटाई हटाउँदा लागेको खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न नगरपालिकामा पेश गर्ने,

(ख) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(ग) नगर क्षेत्रभित्र दैनिक रुपमा सिर्जना हुने फोहरमैला निर्धारित प्रकृया बमोजिम निर्धारित समय र स्थानमा राख्न लगाउने,

(घ) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्ता अन्यनिर्माण कार्य गरेको,अनधिकृत रुपलेउपभोग गरेको र नगरपालिकाबाट निर्माण इजाजत नलिई भवन लगायतको संरचना निर्माण गरेको देखिएमा सोको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(ङ) छाडा पशु नियन्त्रणमा लिई नगर सभाले तोके बमोजिमको जरीवाना लिई पशु धनीलाई जिम्मा दिने। जरिवाना तिर्न इन्कार गरेमा नियन्त्रणमा लिइएको पशु लिलाम प्रक्रियामा लैजाने,

(च) स्वास्थ्यका लागि हानिकारक, सडेगलेका र उपभोग्य म्याद समाप्त भएका खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने र त्यसरी रोक लगाउँदा पनि बिक्री गरेको पाइएमा त्यस्ता सामानहरुको विवरण तत्काल तयार गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने,

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने। अटेर गरेमा त्यस्ता मासु जफत गरी सुरक्षित रुपमा नष्ट गर्ने,

(ज) छाडा कुकुर नियन्त्रण गर्ने र मरेका जीवजन्तु समयमै गाडन लगाउने।

(झ) खतरा उत्पन्न हुने किसिमका रुख, जोखिमपूर्ण घर पर्खाल, टेलिफोन तथा बिजुलीको तार, पोलको लगत तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(ञ) नगरका मुख्य बजारस्थित वडा समिति, टोल विकास संस्था, आमा समूह तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई अभियान सञ्चालन गरी नगरपालिकाले तोकेको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

(ट) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्न सहयोग गर्ने,

(ठ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने/ गराउने,

(ड) नगर कार्यपालिका र नगर सभाबाट पारित ऐन, नियमावली, नीति तथा निर्णय कार्यान्वयन गर्ने/ गराउने,

(ढ) नगरपालिकाको चल, अचल सम्पत्ति (भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदि) को सूरक्षा गर्ने।

(ण) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा सोको प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्ने,

(त) नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना गर्न सिफारिस गर्ने,

(थ) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा ईजाजत लिन लगाउने,

(द) नगरपालिकाबाट आयोजना हुने सभा, सम्मेलन, तालिम, अभ्यास कार्यक्रम आदि र स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा सुरक्षा व्यवस्थापन गर्ने,

(ध) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने।

(न) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायहरु स्वीकृत मापदण्ड बमोजिम सञ्चालन भए नभएको विषयमा अनुगमन गर्ने र मापदण्ड अनुरुप सञ्चालन नभएको पाईएमा कारवाहीका लागि नगरपालिकामा प्रतिवेदन पेश गर्ने,

(प) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो वा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने।

(फ) नगरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने।

(ब) दमकल सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राख्ने कार्यमा सहयोग गरी आगलागी भएको अवस्थामा तुरुन्त दमकल सहित आगलागी स्थलमा गई आगलागी नियन्त्रण गर्न सहयोग गर्ने,

(भ) विपद् वा महामारी फैलिएको स्थानमा खोजी, उद्धार तथा राहतका लागि तुरुन्त खटिएर जाने,

(म) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त आदेश कार्यान्वयन गर्ने,

(य) राजश्व चुहावट नियन्त्रण गर्ने,

(र) नदी, बन तथा खानीजन्य बस्तुको गैरकानूनी दोहन नियन्त्रण गर्ने,

(ल) नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद – ४
## आचरण तथा बिदा सम्बन्धी व्यवस्था

**९. आचरण सम्बन्धी व्यवस्थाः** नगर प्रहरी सेवा इकाई अन्तरगतका प्रहरी प्रमुख र जवानले ऐनको परिच्छेद ४ को अतिरिक्त देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ ।

क) दान उपहार लिन नहुने: सरकारी कामको सिलसिलामा नगरपालिकाको स्वीकृति विना स्वदेशी वा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट पनि कुनै प्रकारको दान, बक्सिस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

ख) चन्दा लिन नहुने: नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै पनि किसिमको चन्दा माग्न, स्वीकार गर्न र अरु कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन ।

ग) सम्पत्तिको विवरण दिनुपर्नेः यो नियमावली बमोजिम नियुक्ति हुने प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र र प्रत्येक आर्थिक वर्ष शुरु भएको मितिले साठी दिनभित्र निर्धारित ढाँचा बमोजिमको सम्पत्ति विवरण भरी कार्यालयमा बुझाउनु पर्नेछ ।

घ) व्यापार व्यवसाय गर्न नहुनेः कुनै पनि नगर प्रहरी कर्मचारीले नगरपालिकाको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन ।

१. कुनै व्यापार गर्न,

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन,

३. आफ्नो नाममा दर्ता गरी व्यवसाय चलाउन ।

ङ) कार्यालयसँग सम्बन्धित कुराहरु प्रकाश गर्न नहुनेः नगर प्रहरी कर्मचारीले कार्यालयसँग सम्बन्धित आफुले थाहा पाएका कुराहरु नगरपालिकाको अनुमति वेगर अरु कसैलाई भन्नु, पत्र पत्रिकालाई जानकारी दिनु वा आफैले लेखेर प्रकाशन गर्नु हुँदैन ।

तर, साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको लेख रचनाहरु प्रकाशन गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्ने छैन ।

च) आलोचना गर्न नहुनेः नगर प्रहरी कर्मचारीले नगरपालिकाको नीति/ निर्णय प्रतिकूल हुने गरी वा नगरबासीको भावनामा खलल पुग्ने गरी भाषण, सम्वाद गर्नु हुँदैन ।

छ) निर्वाचनमा भाग लिन नहुने: नगर प्रहरी कर्मचारीले कुनै पनि राजनैतिक दलबाट उम्मेदवार भै निर्वाचनमा भाग लिन, कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्नु हुदैन ।

तर कसैलाइ मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफनो मताधिकार गोप्य रुपमा प्रयोग गर्न बाधा पर्ने छैन ।

ज) राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्ने गरी सहयोग गर्न हुँदैन ।

झ) समय पालन र नियमितताः नगर प्रहरी कर्मचारीले ठिक समय तथा नियमित रुपमा कार्यालयमा हाजिर हुनुपर्दछ र साधारणतया बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहनु हुँदैन। नगरपालिकाले आवश्यकताको आधारमा चौविसै घण्टा सेवामा खटाउन सक्नेछ।

ञ) अनुशासन र आज्ञापालनः (१) नगर प्रहरी कर्मचारीले अनुशासित भई आफ्नो कर्तव्य तत्परताको साथ पालना गर्नु पर्दछ।

ट) नगर प्रहरी कर्मचारीले आफनो कार्यालयको काम गर्नु पर्दा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ।

ठ) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर प्रकट गर्नुपर्नेछ।

ड) नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः नगर प्रहरी कर्मचारीले आफनो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्नु हुदैन।

ढ) बहुबिबाह, बालबिबाह, अनमेल बिबाह गर्न वा गराउन हुँदैन।

ण) नगर प्रहरी कर्मचारीले सेवामा रहदा मादक पदार्थ सेवन गर्नु हुँदैन।

**१०. बिदा सम्बन्धी व्यवस्था:**

(१) नगर प्रहरी कर्मचारीले वर्षभरिमा देहाय बमोजिमको बिदा पाउने छन।

क) किरिया विदाः कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा प्रहरी कर्मचारीको बाबुआमा, बाजेबज्यै, छोराछोरी वा सासु ससुराको मृत्यू भएको वा पुरुष कर्मचारीको पत्नी र महिला कर्मचारीको पतिको मृत्यू भएको अवस्थामा पन्ध्र दिन किरिया बिदा दिइनेछ।

ख) प्रसुती विदाः महिला प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अधिपछि गरी नब्बे दिन प्रसुति बिदा लिन पाउनेछ।

ग) करार बिदा: भैपरी आउने कामको लागि प्रहरी कर्मचारीले महिनाको एक दिनको दरले करार बिदा पाउनेछ।

घ) सट्टा बिदा: सार्वजनिक बिदाको दिन वा लगातार दुई सिफ्टमा काम गरेबापत प्रहरी कर्मचारीले सट्टा बिदा पाउने छ।

२) प्रसुति बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ।

३) यो नियमावली बमोजिम बिदामा बसेको प्रहरी कर्मचारीले बिदा बसे अवधिको पुरा तलव पाउनेछ।

४) बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हुनेछ।

५) यो नियमावली बमोजिमको सबै बिदाहरु ऐनको दफा ३७ बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीले स्वीकृत गर्नेछ।

**११. बिदा नलिई घर बस्न नहुनेः** (१) यो नियमावली बमोजिम बिदा नलिई गैर हाजिर बस्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम बिदा नलिई पटक पटक गैर हाजिर बस्ने प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ।

## परिच्छेद – ५
## सजाय तथा उत्तरदायित्व सम्बन्धी व्यवस्था

**१२. सजाय सम्बन्धी व्यवस्था: (१)** सोही ऐनको दफा २९ को अतिरिक्त नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्न सकिनेछ।

क) आफ्नो जिम्मेवारीको काम सन्तोषजनक रुपमा सम्पादन नगरेमा,

ख) अनुशासनहिन कार्य गरेमा,

ग) आचरण विपरित कार्य गरेमा,

घ) दिइएको आदेश निर्देशनको पालना नगरेमा,

ङ) मनासिव कारणविना वा बिदा नलिई गैरहाजिर भएमा,

छ) लापरवाही कार्य गरी कार्यालयलाई हानी नोक्सानी पुर्याएमा,

ज) आचरण विपरितको कार्य गरेमा,

झ) प्रचलित कानून विपरितको कार्य गरेमा।

(२) उपदफा (१) बमोजिमको कार्य गरेको प्रमाणित हुन आएमा सम्बन्धित प्रहरी कर्मचारीलाई देहाय बमोजिमको सजायँ गरिनेछ।

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) तीन महिना सम्म तलवको बीस प्रतिशत रकम कट्टी गर्ने,

(घ) एक तह मुनीको तलवमानमा घटुवा गर्ने।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(३) माथि उपदफा (२) मा जेसुकै लेखिएको भए तापनि कुनै प्रहरी कर्मचारीलाई सजाय दिनुअघि आफ्नो सफाई पेश गर्नका लागि मनासिव मौका दिइनेछ।

(४) सजाय दिने अधिकारीलाई मनासिब लागेमा प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि उपल्लो तहको प्रहरी कर्मचारीको राय लिन सक्नेछ।

**१३. प्रशासनिक नियन्त्रण सम्बन्धीः** नगर प्रहरीका सबै कर्मचारीहरु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रशासन शाखाको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन।प्रहरी जवानले कार्यालयको काम सम्बन्धी विषयमा आफूभन्दा माथिल्लो अधिकारीको आदेशलाई तत्कालै पालना गर्नुपर्ने छ।

## परिच्छेद्–६
## विविध

**१४. समावेशी सम्बन्धी व्यवस्थाः** नगर प्रहरी सेवालाई समावेशी बनाउन देहाय बमोजिम पदपूर्ति गरिनेछ।

(क) नगर प्रहरी जवानको पदमा नियुक्ति गर्दा पहिलो दुई जवानको पदमा खुला प्रतियोगिताद्वारा, तेस्रो जवानको पदमा महिलाहरुबीच मात्रै प्रतिस्पर्धाद्वारा, चौथो जवानको पदमा जनजातिबीच मात्र प्रतिस्पर्धाद्वारा र पाँचौ जवानको पदमा दलितहरुबीच मात्र प्रतिस्पर्धाद्वारा समावेशी सिद्धान्त बमोजिम पदपूर्ति गरिनेछ।

(ख) प्रहरी हवल्दारको पदमा पदपूर्ति गर्दा पहिलो पदमा खुला प्रतिस्पर्धाद्वारा र दोस्रो पदमा महिलाहरुबीच मात्र खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिनेछ।

(ग) प्रहरी सहायक निरीक्षक पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

१५. तालीम सम्बन्धी व्यवस्थाः नगर प्रहरी सेवा इकाईमा रहने कर्मचारीहरुको लागि आधारभूत तालिमको व्यवस्था नगरपालिकाले गर्नेछ।

१६. पोसाक तथा दर्ज्यानी चिन्हः (१) नगर प्रहरी सेवाका प्रहरी कर्मचारीहरुले औपचारिक पोसाक तथा दर्ज्यानी चिन्ह लगाउनु पर्नेछ।

(२) नगर प्रहरी कर्मचारीले लगाउने पोसाक खैरो रंङ्को चुस्ता र टोपी, कालो रंङको छालाको बुट र ऐनको दफा ४ बमोजिमको दर्ज्यानी चिन्ह हुनेछ।

१७. चाडपर्व खर्चः नगर प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीहरुलाई प्रत्येक वर्षको असोज महिनाको तलव सँगै चाडपर्व खर्च बापत एक महिनाको आधारभूत तलव बराबरको रकम भुक्तानी दिइनेछ। तर, यो सुविधा छ महिना सेवा अवधि भुक्तान नभई पाइने छैन।

१८. नियमावलीको व्याख्याः यो नियमावली कार्यान्वयनको क्रममा नियमावलीमा रहेको कुनै वाक्यांश र हरफहरु सम्बन्धमा अस्पष्टता आई द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या बमोजिम कार्यान्वयन हुनेछ।

१९. नियमावलीको संशोधनः यो नियमावलीको संशोधन नगर कार्यपालिकाको बैठकबाट हुनेछ।

**अनुसूची–१**
**(नियम ६ सँग सम्बन्धित)**
**नगर प्रहरी कर्मचारीको सेवा सुविधा**

| पद | तह | मासिक तलव | | पोसाक वार्षिक रु |
|---|---|---|---|---|
| **नगर प्रहरी सहायक निरीक्षक** | सहायक तेस्रो तह | गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन, २०७९) दफा ५ को | सहायक तेस्रो तहले पाउने शुरु तलव स्केल बराबर। | **१००००** |
| **नगर प्रहरी हवलदार** | सहायक दोस्रो तह | | सहायक दोस्रो तहले पाउने शुरु तलव स्केल बराबर। | **१००००** |
| **नगर प्रहरी जवान** | सहायक प्रथम तह | | सहायक प्रथम तहले पाउने शुरु तलव स्केल बराबर। | **१००००** |

**अनुसूची–२**
**(नियम ७ सँग सम्बन्धित)**
**नगर प्रहरी कर्मचारीको कार्य विवरण**

**१. नगर प्रहरी सहायक निरीक्षकको कार्याविवरण:**

१ ) नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी प्रमुख हुनेछ । नगर कार्यपालिका कार्यालय र प्रमुख प्रशासकीय अधिकृतको निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिम काम काज गर्नु पर्नेछ ।

क ) नगर प्रहरी जनशक्तिको प्रभावकारी परिचालन, रेखदेख , नियन्त्रण गर्ने र आवश्यक निर्देशन दिने ।

ख ) नगर प्रहरी जनशक्तिको कार्यदक्षता, एवम कार्य सम्पादन क्षमता अभिबृद्धी गर्न , कर्तब्यनिष्ठ बनाउन एवम मनोबल उच्च राख्न नियमित निरीक्षण गरि आवश्यक निर्देशन दिने ।

ग ) नगर प्रहरी जनशक्तिको आचरण तथा अनुशासन कडाइका साथ पालना गराउने ।

घ ) नगर पालिकाको कार्यालयमा रहेका अभिलेख , दस्तावेज र अन्य जिन्सी सामाग्रीहरुको हिफाजत गरि राख्ने र सरसफाइ गर्ने ।

ङ ) नगर क्षेत्रभित्र असामान्य र सुरक्षा व्यवस्थामा प्रतिकुलता हुन सक्ने/भएको अवस्थामा तत्काल प्रभावकारी ढङ्गबाट नियन्त्रणको लागि नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई तत्काल जानकारी दिई अन्य सुरक्षा निकायसंग समन्वयमा तत्काल स्थिति सामान्य वनाउन पहल गर्ने गराउने ।

च ) नगरपालिका क्षेत्र भित्र बिपदबाट हुने क्षति न्यूनिकरण गर्न आवश्यक ब्यवस्थापन गर्ने साथै विपदको बेला तत्परताका साथ उद्दारको समन्वय गर्ने गराउने ।

छ) नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्ने गराउने साथै गलकोट नगरपालिकाका कानूनहरुले निर्दिष्ट गरे बमोजिमका कार्यहरु गर्ने गराउने ।

ज) कार्य सम्पादन सम्बन्धी दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

झ ) प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु गर्ने ।

**२. प्रहरी हवलदारको कार्य विवरण**

क) नगर प्रहरी सेवा इकाइ प्रमुखको प्रत्यक्ष मातहतमा रही कामकाज गर्ने ।

ख) प्रमुख प्रशासकीय अधिकृत निर्देशन र प्रहरी सहायक निरीक्षकको मातहतमा रहि कार्य सम्पादन गर्ने ।

ग) प्रहरी जवानहरुलाई ड्यूटी खटाई निजहरुको कार्य सम्पादनको अनुगमन गर्ने ।

घ) नगर प्रहरी सेवा इकाइको काम, कर्तब्य र अधिकारमा उल्लेखित कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने ।

ङ) कार्य सम्पादन सम्बन्धी दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत र इकाइ प्रमुख समक्ष पेश गर्ने।

च) नगर प्रहरी जवानहरुको मनोबल वृद्धि हुने खालका अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्ने ।

छ) उत्कृष्ट कार्य सम्पादन गर्ने जवानहरुको अभिलेख राखी पुरस्कृत गर्न नगरपालिकामा सिफारिस गर्ने ।

ज) प्रहरी सहायक निरीक्षकको अनुपस्थितिमा वरिष्ठ हवल्दारले ईकाइ प्रमुखको समेत जिम्मेवारी वहन गर्ने ।

ज) नगर कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**३. प्रहरी जवानको कार्य विवरण:**

क) नगर प्रहरी सेवा इकाइ प्रमुखको प्रत्यक्ष मातहतमा रही कामकाज गर्ने,

ख) आफु खटिएको क्षेत्रमा इमान्दारी, वफादारी र समन्वयात्मक रुपमा कार्य सम्पादन गर्ने,

ग) कार्य सम्पादन सम्बन्धी दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन तयार गरी नगर प्रहरी सेवा इकाई प्रमुख समक्ष पेश गर्ने,

घ) नगर कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**आज्ञाले**
घनश्याम गौतम
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/१२/०७